धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसुचि–१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ. ब. २०८२/८३ को दोस्रो त्रैमासिक अवधिको प्रतिवेदन (२०८२ कार्तिक, मंसिर र पौष)

(मिति २०८२/१०/१८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित)

१. वित्तीय विवरण :

क. आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात, नाफा–नोक्सान सम्बन्धि हिसाब विवरणलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा २६(१) बमोजिमको प्रतिवेदन जानकारीका लागि प्रकाशन गरिएको छ ।

ख. प्रमूख वित्तीय अनुपातहरु :

१. प्रति शेयर आम्दानी	:	रु. २४.३१
२. पी. ई. अनुपात	:	४६.८४
३. प्रति शेयर नेटवर्थ	:	रु. १२०.८७
४. तरलता अनुपात	:	६.१५

प्रति शेयर आम्दानी annualized गरिएको ।

२. व्यवस्थापकीय विश्लेषण तथा कार्ययोजनाहरु :

क. उपभोक्ताहरुको रोजाईमा परेका कम्पनीका उत्पादित Golden Oak, Black Oak, Silver Oak मदिराहरु बजारमा बिकी वितरण भई उपभोक्ताहरुको रोजाईमा परेका छन । उत्पादित ब्राण्डको खुद बिकी वितरणलाई मनन गर्दा गत वर्षको यसै अवधिको भन्दा १६ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको यसै अवधिको बिकी आम्दानी र यस वर्षको बिकी आम्दानीलाई हेर्दा ११ प्रतिशतले नाफा वृद्धि हुन गएको छ ।

ख. मिति २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलनको राजनैतिक प्रभाव यस अवधिमा पनि देशमा देखा पऱ्यो । कम्पनीका नयां उत्पादनहरु र बिकी वितरण भई रहेका ब्राण्डहरुलाई समेत सहज तरिकाले उपभोक्ता माझ पस्कनका लागि असहज परिस्थिती भयो । यस्तो अवस्थामा यस कम्पनीको व्यवसायमा वृद्धिको लागि थप लगानी गरी बिकी वितरण लगायतको कार्यमा उत्साहजनक स्थिति रहेन । व्यवसाय वृद्धिमा उत्साहजनक स्थिति नरहे पनि बजारको मागलाई मध्यनजर गर्दै उत्पादन कार्य र बिकी वितरणको कार्यमा निरन्तरता दिई रहेका छौं ।

ग. Malt Plant को संयन्त्र जडान तथा Operation बाट Malt Spirit उत्पादन, Automation Plant बाट ENA उत्पादन, Zero Liquid Discharge सम्बन्धि आवश्यक मेसिन जडान गरी यसबाट By-Product को रुपमा खेर गई रहेको Sludge (कनिकाको लेदो) लाइ जनावर तथा पशु, पंक्षी, माछा आदिको आहारमा प्रयोग गर्ने, दाना, Dry Cake को उत्पादन गरि विकि सुरु गरिसकिएको छ ।

घ. कम्पनीले उत्पादन गरि रहेको Golden Oak, Black Oak, Silver Oak का अतिरिक्त २५ यु.पि. शक्तीको Shlok नामक ह्विस्की र ५ (पांच) प्रतिशत अल्कोहल शक्ती भएको Passion Cooler (Cola) मदिरा मिश्रित पेय पदार्थ उत्पादन गरी हालै मात्र बजारमा बिकी वितरणमा ल्याएका छौं । यसबाट कम्पनीको ब्राण्ड Port-folio उच्च रहनुका साथै बजार र उपभोग्ताको चाहाना समेतले पूर्णता पाउने अपेक्षा रहेको छ ।

ङ. उद्योगबाट उत्पादित माल्ट स्प्रिट र ई.एन.ए.लाई खुम्बु क्षेत्रको उच्च हिमाली भेगको तापमानमा म्याचुरेशन गर्नका लागि जग्गा खरिद, गोदाम भवन निर्माण जस्ता कार्य सम्पन्न गरि सकेका छौं । स्प्रिट म्याचुरेशन गर्नका लागि नेपाल सरकार, अर्थ मन्त्रालय अन्तर्गतका नियमक निकायबाट अन्त: शुल्क ईजाजत पत्र समेत प्राप्त भई सकेको छ । म्याचुरेशन गर्ने स्थानको गोदाम भवनको निर्माण कार्य सम्पन्न भएता पनि त्यहांको हावापानी लगायत उच्च हिमाली क्षेत्रको हावापानी आदिका कारण जडान हुने मेसिनरीज संयन्त्रहरु ढुवानी एवं जडान गर्ने मानव श्रोत व्यवस्थापनका कारण केहि ढिला हुन गएको महसुस गरिएको छ । गोदाम व्यवस्थापन लगायत म्याचुरेशन गर्ने स्प्रिटको परिमाण यकिन गर्ने कार्यमा प्रयासरत रहेका छौं । अर्को त्रैमासिक अवधि सम्ममा म्याचुरेशन गर्ने परिमाण र तरिका यकिन गरी सम्बन्धित नियमनकारी निकायबाट स्विकृती प्राप्त गरी सुभारम्भ गरिने योजना रहेको छ ।

च. कम्पनीका उत्पादनहरु नियुक्त भएका नेपालभरका डिष्ट्रिव्यूटर्सहरुलाई बिकी वितरण गर्ने कायलाई निरन्तरता दिई रहेका छौं । कम्पनीका विभिन्न ब्राण्डका मदिराहरुको बिकी वितरणको अवस्था, प्रतिस्पर्धि कम्पनीहरुले बजारमा बिकी वितरणका लागि गरि रहेका अतिरिक्त कार्यहरुको अवस्था के रहेछ, के के गर्दा कम्पनीको उत्पादन बिकी वितरण वृद्धि हुन्छ भनी सुक्ष्म विश्लेषण गर्ने समेत गरि रहेका छौं । यस्ता कार्यले कम्पनीका उत्पादन र बिकी वितरणमा वृद्धि हुन सहयोग पुग्ने अपेक्षा रहेको छ ।

छ. कम्पनीले उत्पादन गरी बजारमा लोकप्रीय ब्राण्डका रुपमा ख्याती कमाई सकेका ब्राण्डका अतिरिक्त तत्कालै उत्पादन गरी बजारमा बिकी वितरणका लागि ल्याईएको उच्च स्तरको २५ यु.पि.शक्तीको गुणस्तरीय Shlok नामक प्रिमियम ह्विस्की र ५ (पांच) प्रतिशत अल्कोहल शक्ती भएको मदिरा मिश्रित पेय पदार्थ Passion Cooler (Cola) नामक मदिराको बिकी वितरणका लागि उच्च प्राथमिकताका साथ अगाडि वढ्ने लक्ष्य लिएका छौं । यसबाट कम्पनीको बिकी आम्दानी वढ्ने नै छ भन्ने विश्वास समेत लिएका छौं ।

ज. यस उद्योगको उत्पादन ENA को मुख्य उत्पादन गर्ने कार्यका लागि जडान भएको संरचनाहरु: Boiler र Steam Turbine लाई मर्मत संभार गरी कारखाना संचालन गरि रहेकोमा मर्मत संभार खर्चका अतिरिक्त उक्त मिल मेसिनरीजले दिने Efficiency मा समेत कमी आएको र उत्पादन लागत समेत वढ्न गएकाले उक्त संयन्त्रहरु नयां खरिद गरी जडान गर्ने लक्ष्यका साथ कार्य गरि रहेका छौं । यसबाट कम्पनीको उत्पादन लागतमा समेत कम हुन गई उत्पादनको स्तर र Efficiency मा सकारात्मक प्रभाव पर्नेछ ।

झ. कम्पनीमा रहेको संचित रकमलाई उपयुक्त क्षेत्रमा उपयुक्त समय र क्षेत्रहरुमा लगानी गर्न क्षेत्रहरुको पहिचानका लागि अध्ययन गरि रहेका छौं ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

क. यस कम्पनीलाई विपक्षी बनाई श्रम अदालत काठमाडौंमा केहि व्यक्तिले नियुक्ती पाऊँ भनी कीर्ते जालसाजी कागज बनाई मुद्धा दायर गरेकोमा सो विषयमा सम्मानित जिल्ला अदालत पर्साबाट आंसीक वादी दावी पुग्ने ठहराई फैसला भएकोमा सो फैसला उपर कम्पनीले उच्च अदालत, जनकपुरको अस्थायी ईजलास बिरगन्जमा पुनरावेदन गरेकोमा सम्मानित उच्च अदालत, जनकपुर अस्थायी ईजलासबाट समेत जिल्ला अदालतले गरेको फैसलालाई नै सदर हुने गरी निर्णय आए उपर चित्त नबुझि कम्पनीले सम्मानित सर्बोच्च अदालतमा उत्प्रेषण लगायतको आदेश जारी गरि पाउन रिट मार्फत निवेदन गरेकोमा श्रम अदालतको फैसलालाई कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी भएको छ । Gen-Z आन्दोलनका कारण मुद्धाको फाईलको रेकर्ड कायम गरी सुनवाई र निर्णयमा केहि समय लाग्ने देखिन्छ ।

ख. २०६८ श्रावण को मु.अ.कर सम्बन्धमा अन्तिम कर निर्धारण आदेश तथा आ.व. २०७२/०७३ को आय विवरण उपर ठूलाकरदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा उठान गरेको मु.अ.कर सम्बन्धी विषय र आ.व.२०७४/०७५ को आय विवरण उपर आयकर ऐन, २०५८ को दफा १०२ बमोजिम कर निर्धारण गरी संसोधित कर निर्धारण आदेशहरु प्राप्त भएकोमा सो निर्धारण आदेशबाट लगाएको सोही ऐनको दफा ११७ बमोजिमको शुल्क, दफा ११८ बमोजिमको व्याज र दफा १२० बमोजिमको शुल्क उपर चित्त नबुझी आयकर ऐन,२०५८ को दफा ११५ बमोजिम प्रशासकीय पुनरावलोकन गरेकोमा चित्त नबुझि आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकन गरिएकोमा प्रस्तुत विषयहरुमा हाल सम्म पनि निर्णय भएको जानकारी प्राप्त भएको छैन ।

ग. सर्लाही जिल्ला अर्नाहा वडा नं.२ वस्ने सुभाष शाहले सूचनाको हक सम्बन्धि ऐन, २०६४ बमोजिम माग गरिएको सूचना उपलब्ध नगराई जिम्मेवारीबाट पन्छिन खोजेकोले कानुन बमोजिम कारवाहि गरी सूचना उपलब्ध गराई पाऊँ भनी पुनरावेदन दिएकोमा सो पुनरावेदन उपर यस कम्पनीले लिखित जवाफ राष्ट्रिय सूचना आयोगमा पेश गरि सकेकोमा सो उपर हाल सम्म सुनवाईका लागि जानकारी प्राप्त भएको छैन ।

घ. आ.व.२०६१/०६२ को अवधिको मु.अ.कर, अन्त: शुल्क र आयकर सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट फैसलाको लिखित प्रति प्राप्त भएको छ । अन्त: शुल्क सम्वन्धमा यस कम्पनीको माग बमोजिम नै फैसला प्राप्त भएकोले कम्पनीले दाखिला गरेको अन्त: शुल्क, जरिवाना आदि रकम मिलानका लागि सम्बन्धित कार्यालयमा निवेदन समेत दर्ता गराई सकिएको छ । अन्य मु.अ.कर र आयकरको हकमा केहि विषयमा कम्पनीको माग बमोजिम र केही विषयमा विरुद्धमा फैसला प्राप्त भएकाले माग विरुद्धका विषयमा न्यायिक पुनरावलोकनका लागी निवेदन दर्ता गरिएकोमा सो निवेदन उपर कारवाहि हुँदा निवेदन उपर दरपिट भएको र उक्त दरपिट उपर सुनवाई नहुने गरी अन्तिम भएकोले सम्मानित सर्वोच्च अदालतको फैसला बमोजिमको दायित्व यकिन गरी फरछ्र्यौट गर्ने कार्यका लागि कम्पनी अगाडि वढि सकेको छ । सो कार्यका लागि सम्मानित सर्वोच्च अदालतबाट उक्त मुद्धा सम्बन्धि सक्कल फाईल सम्बन्धित कर कार्यालयमा उपलब्ध गराउनका लागि प्रयासरत रहेकोमा प्रस्तुत अवधिमा भएको Gen-Z आन्दोलनका क्रममा अदालतमा समेत आगजनी भएका कारण प्रस्तुत मुद्धाको सक्कल फाईल र निर्णय प्राप्त गर्न केहि कठिनाई भएको छ ।

ङ. यस त्रैमासिक अवधिमा यस कम्पनीका Golden Oak, Black Oak लगायत अन्य यस कम्पनीका नाममा दर्ता भएका ट्रेडमार्कहरुको नक्कल गरी बजार मा उत्पादन ल्याउने कलुसित मनसाय राखी विभिन्न नामका ट्रेडमार्कहरु दर्ताका लागि आवेदन केहि मदिरा उत्पादक कम्पनीले गरेको पाईएकाले सो आवेदन दर्ता खारेजको कार्यका लागि यस कम्पनीले दावी विरोधको निवेदन उद्योग विभाग समक्ष दर्ता गराएका छौं ।

च. उपरोक्त विषय बाहेक यस त्रैमासिक अवधि सम्ममा कम्पनी, यसका संचालक, संचालक समिति विरुद्ध कोहि कसैले कुनै किसिमको मुद्धा दायर गरेको जानकारी कम्पनीमा प्राप्त हुन आएको छैन ।

४. यस संस्थाको शेयर कारोवार सम्बन्धी विवरण :

क. खुला बजारको नीति, मूल्य र मान्यता अनुरुप कम्पनीको शेयर कारोवार हुने गरेको छ ।

ख. यस दोस्रो त्रैमासिक अवधिमा कम्पनीको शेयर कारोवार तपशिल अनुसार भएको देखिन्छ ।

(श्रोत: www.nepalstock.com.np)

अधिकतम् मूल्य	रु. १४१५
न्यूनतम् मूल्य	रु. ११०३
अन्तिम मूल्य	रु. ११३९
कारोबार दिन	५५

५. समस्या तथा चुनौती :

यस अवधिमा कम्पनीले भोगेका समस्या तथा चुनौतीहरु तपशिल बमोजिम रहेका छन् ।

क. यस त्रैमासिक अवधिमा पनि प्रथम त्रैमासिक अवधिमा भएको राजनीतिक उतार चढावका कारण व्यवसायमा प्रभाव पर्न गएको छ । मदिरा व्यवसायीहरुले समेत उच्च मनोवलका व्यवसाय वृद्धिमा लगानी गरेको अवस्थामा कमी भएको पाईयो । व्यवसायीहरुले नै आफनो व्यवसाय विस्तार गरी मुनाफा आर्जन गर्नका लागि लगानी नवढाएको स्थितिमा कम्पनीको आफनो व्यवसाय विस्तारमा थप चुनौती रहेको छ ।

ख. मदिरा उद्योगले आफुले उत्पादन गरि रहेका र उत्पादन गरी उपभोक्ता माझ वजारमा ल्याउने नयां ब्राण्डको मदिराको उत्पादनको गुणस्तर, मूल्य, उत्पादन प्रकृया आदिका वारेमा उपभोक्तालाई कुनै पनि माध्यमद्धारा जानकारी दिन नपाउने भएकाले आम उपभोक्ता समक्ष कम्पनीका उत्पादनहरुको विषयहरु पुग्न पाउने अवस्था छैन । यसको प्रत्यक्ष प्रभाव मदिरा विकी वितरणमा पर्ने चुनौति व्यवसायी माझ प्रत्यक्ष परेको छ ।

ग. कच्चा पदार्थहरुको मुल्य वृद्धि, सिमित बजार, आयातित मदिरामुखी उपभोक्ताहरु, मदिराको उत्पादन तथा विकी वितरणमा उच्च अस्वस्थ प्रतिस्पर्धा, मदिराको मुल्य, उपभोक्ताको आयमा आएको कमी, उपभोक्ताहरुको वर्हिगमन जस्ता कारण मदिरा व्यवसाय वृद्धिको चुनौती रहेको छ ।

घ. केहि उद्योगहरुले यस कम्पनीको जस्तै लेवल, प्लाष्टिकको वोतल प्रयोग गरी कम शक्ति र कम गुणस्तरमा मदिरा उत्पादन गर्ने, यस कम्पनीको वोतल प्रयोग गर्ने कार्य गरेवाट कम्पनीको बिक्रीमा प्रभाव पर्न गएको छ । यस्ता कियाकलाप विरुद्धमा सम्वन्धित निकायमा उजुरी दिने गरिएको भएता पनि त्यसको कार्यन्वयन हुन समय लाग्ने हुँदा थप चूनौती कम्पनीले सामना गरि रहेको छ ।

ङ. घरेलु मदिरालाई ब्राण्डिङ्ग गर्ने नाममा स्थानिय घरेलु मदिराहरु वजारमा विकी वितरणमा आँउदा ठुलो लगानी गरी व्यवस्थीत एवं मर्यादित व्यवसाय गरी रहेका उद्योगहरु धरासायी हुने र नेपाल सरकारको राजश्व समेत गुम्न जाने जोखिम रहेको छ ।

च. मदिरा विकी वितरणको कममा हुने वास्तविक आय आर्जन वढाउने कार्यमा भएको खर्चलाई अमान्य हुने गरी कर परीक्षण गर्ने कार्य हुने गरेकोले उद्योगहरु करको दोहोरो मारमा पर्नुका साथ साथै उद्योगहरु धरासायी हुने सम्भावना रहेको छ ।

६. संस्थागत सुशासन :

कम्पनीको कारोवारलाई आर्थिक पारदर्शीताका साथ कम्पनीका शेयरधनीहरुलाई यर्थाथ र वास्तविक विवरणको सूचना दिनका लागि कम्पनीले स्वतन्त्र रुपमा लेखा परीक्षक नियुक्त गरी लेखा परीक्षण गर्ने कार्य निरन्तरता कायम राखिएको छ । कम्पनीले आफनै सांगठनिक ढाँचामा Audit & Compliance Head को व्यवस्था दैनिक रुपमा हुने आर्थिक, प्रसासनीक, वित्त व्यवस्थापन, शेल्स एण्ड मार्केटिङ्ग लगायतमा सुक्ष्म रुपमा अध्ययन गरी तयार गरिएको प्रतिवेदन उपर उच्च कम्पनी व्यवस्थपनमा छलफल गर्ने र सुधारात्मक प्रकृयाहरु अपनाउने कार्य गरिने गरिएको छ । यस्ता कार्यले कम्पनीको आर्थिक कारोवार देखि समग्र स्थितिलाई पारदर्शी र चुस्त दुरुस्त राख्नका लागि सहयोग पुर्‍याउने छ । समग्र स्थितीलाई कारखानामा उत्पादन हुने बस्तुहरु अन्त: शुल्क ऐन, नियमावली, निर्देशिका, मदिरा ऐन, नियम बमोजिम आम्दानी तथा खर्च लेखि दैनिक रुपमा खटिएका अन्त: शुल्क निरिक्षकको प्रत्यक्ष निगरानीमा कार्य गर्दै आएको, आन्तरिक रुपमा उद्योगको उत्पादन, बिक्री वितरणको परिमाण, मौज्दात सामानहरु लगायत समय समयमा उच्च व्यवस्थापनका कर्मचारी डिष्ट्रिव्यूटर्सको कारोवार स्थलमा नै पुगी मदिरा विकी वितरण भएको करारनामा अनुसार चेक, जाँच गरिदै आएको, कच्चा पदार्थहरुको नीरिक्षण एवं विश्लेषण गर्ने गरिएको, कम्पनीको आर्थिक कारोबारलाई व्यवस्थित, मर्यादित र पारदर्शि बनाउने कार्यमा अनलाईन बिलिङ्ग पद्धती, खरिद गरिने वस्तुहरुको मुल्य, गुणस्तर आदिको अध्ययन, अनुशन्धान, परीक्षण गरेर मात्र खरिद गर्ने, उद्योग रहेको क्षेत्र, स्थानीय निकायहरु सँगको सम्बन्ध सुमधुर कायम राख्न र वातावरण मैत्री कार्य र संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धि कार्यलाई निरन्तरता दिएको, उत्पादकत्वमा वृद्धि र गुणस्तर कायम गर्नका लागि आधुनिक प्रविधियुक्त मेसिन जडान गर्ने र उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको गुणस्तर, मूल्य आदिलाई सुक्ष्म रुपले अध्ययन गर्ने गरिएको साथै सके सम्म गुणस्तर र उत्पादन लागत कम गर्नका लागि गुणस्तरीय वस्तुको कम मुल्यमा खरिद गर्ने कार्य गर्दै आएको जानकारी गराउदछौं । उद्योगले संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धमा निर्वाह गर्नु पर्ने कर्तव्यलाई ध्यानमा राखी आवश्यक एवं गर्नु पर्ने कामको पहिचान गरी स्थानीय निकायको समन्वयमा विभिन्न शिर्षक अन्तर्गत छुट्याईएको रकमबाट ऐन, नियमले निर्देशन गरेका शिर्षकमा अधिकतम् कार्य गरी समाज प्रतिको जिम्मेवारी वहन गर्ने कार्यलाई निरन्तरता दिइरहेका छौं । साथै धितो पत्र ऐन, नियम, निर्देशिका, सूचिकृत कम्पनीको संस्थागत सुसाशन सम्वन्धि निर्देशिकाको व्यवस्था वमोजिम कम्पनीले पालना गर्नु पर्ने व्यवस्थालाई पालना गर्ने र प्राप्त निर्देशनलाई कार्यन्वयन गर्दै जाने विषयमा कम्पनी दृढ रहेको समेत जानकारी गराउदछौं । माथि उल्लेखित कम्पनीका कार्यले कम्पनीको ख्याति, विश्वास र पहिचान जस्ता विषयमा सम्वन्धित शेयरधनी, नियमनकारी निकायहरुमा विश्वासको वातावरण पैदा गर्ने छ भन्ने कम्पनी विश्वस्त हुनेछ ।

७. सत्य तथ्य सम्बन्धमा प्रमूख कार्यकारी अधिकृतको उद्घोषण:

यस प्रतिवेदन अवधिको उल्लेखित विवरणहरुका विषयमा सत्यता रहेको म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन चाहन्छु । यस प्रतिवेदनका विवरणहरुमा कुनै पनि सत्य, तथ्य लुकाईएको छैन । कम्पनीले आफ्ना लगानीकर्ताहरुलाई सू–सूचित गराउनका लागि प्रस्तुत अवधिको सम्पूर्ण आर्थिक विवरण लगायत अन्य जानकारीहरु पारदर्शी हुने गरी प्रकाशन गरिएको जानकारी गराउँदछु । साथै यस कम्पनीले चालेका कदममा प्रत्यक्ष रुपमा यस व्यवसाय संग सम्बन्धित पक्षहरु, लगानीकर्ताहरु तथा यस कम्पनीका शुभ चिन्तकहरुबाट समेत प्रत्यक्ष, अप्रत्यक्ष रुपमा व्यवसाय वृद्धि र कारोवार पारदर्शी वनाउने विषयमा उपयुक्त सहयोग र सल्लाहको समेत अपेक्षा गरेको छु ।

Unaudited Statement of Financial Position as on 30th Poush 2082

Particulars	This Quarter End	Previous Quarter End (Published)	Corresponding Previous Year Quarter End
ASSETS			
NON-CURRENT ASSETS			
a) Property, Plant and Equipment	1,021,872,750	956,921,620	578,114,298
b) Capital work-in-progress	40,183,815	41,619,192	263,651,599
c) Intangible Assets	926,967	1,021,012	990,990
d) Right to Use Assets	51,038,128	21,404,293	12,475,127
e) Investments	111,200,000	111,200,000	111,100,000
f) Other Non-Current Assets	50,885,876	62,214,224	43,403,343
Total Non-Current Assets	**1,276,107,536**	**1,194,380,340**	**1,009,735,356**
CURRENT ASSETS			
a) Inventories	567,022,329	632,856,315	513,393,961
b) Financial Assets			
Trade Receivables	1,138,437,760	577,945,528	23,481,060
Cash and Cash Equivalents	538,859,900	1,288,754,664	1,520,288,899
Other Bank Balances	1,450,000,000	1,100,000,000	1,100,000,000
Other Financial Assets	66,666,731	7,028,583	8,505,890
c) Other Current Assets	131,173,107	149,144,737	152,483,178
Total Current Assets	**3,892,159,828**	**3,755,729,827**	**3,318,152,987**
TOTAL ASSETS	**5,168,267,364**	**4,950,110,167**	**4,327,888,344**
EQUITY AND LIABILITIES			
EQUITY			
a) Equity			
Share Capital	3,688,082,175	3,073,401,812	3,073,401,812
b) Other Equity			
Reserves and Surplus	769,852,973	1,180,094,216	553,308,939
Total Equity	**4,457,935,148**	**4,253,496,028**	**3,626,710,751**
NON-CURRENT LIABILITIES			
a) Financial Liabilities			
Borrowings	-	-	-
Lease Payables	40,411,838	19,743,029	12,579,953
b) Deferred Tax Liabilities	36,856,431	32,347,724	28,872,516
Total Non-Current Liabilities	**77,268,269**	**52,090,753**	**41,452,469**
CURRENT LIABILITIES			
a) Financial Liabilities			
Borrowings	-	-	-
Trade Payables	203,312,877	180,215,435	173,461,941
Other Financial Liabilities	181,263,696	166,270,190	227,151,276
Lease Payables	8,791,415	4,520,760	1,253,599
b) Other Current Liabilities	239,695,959	271,947,147	232,167,084
c) Current Tax Liabilities (Net)	-	21,569,854	25,691,224
Total Current Liabilities	**633,063,947**	**644,523,386**	**659,725,124**
TOTAL EQUITY AND LIABILITIES	**5,168,267,364**	**4,950,110,167**	**4,327,888,344**

Unaudited Statement of Profit or Loss and Other Comprehensive Income for the Quarter Ended on 30th Poush 2082

Particulars	Up to This Quarter	Up to Previous Quarter (Published)	Corresponding Previous Year Quarter (Published)
Gross Revenue from Operations	3,233,088,224	1,075,788,930	3,032,232,779
Less: Excise Duties	1,477,796,729	482,399,910	1,522,211,440
Net Sales Revenue	1,755,291,495	593,389,021	1,510,021,339
Less: Cost of Goods Sold	559,482,437	220,813,791	508,589,091
Less: Manufacturing Expenses	26,402,223	11,509,106	89,997,011
Gross Profit	**1,169,406,836**	**361,066,124**	**911,435,237**
Employee Benefit Expenses	197,529,897	80,933,086	137,793,806
Administration and Other Expenses	78,571,820	32,399,743	44,243,493
Selling and Distribution Expenses	280,770,163	121,941,463	194,841,099
Operating Profit	**612,534,955**	**125,791,831**	**534,556,839**
Non Operating Income	32,541,832	16,388,591	38,305,086
Depreciation and Amortisation	42,812,846	21,781,049	28,552,365
Finance Costs	627,613	596,176	655,600
Profit Before Tax	**601,636,328**	**119,803,197**	**543,653,961**
Income Tax Expenses	153,268,954	29,545,033	138,734,586
Profit for the Year	**448,367,374**	**90,258,164**	**404,919,375**
Other Comprehensive Income			
Items that will not be reclassified to profit or loss:			
(i) Remeasurements of Defined Benefit Obligations	-	-	-
(ii) Income tax credit/(charge) relating to these items	-	-	-
Other Comprehensive Income	**-**	**-**	**-**
Total comprehensive income for the year	**448,367,374**	**90,258,164**	**404,919,375**
"Earning per equity share (face value of Rs. 100 each)"			
Basic EPS*	24.31	9.79	21.96
Diluted EPS*	24.31	9.79	21.96

Other Financial Ratios

PE Ratio	46.84	133.82	52.65
Net Worth Per Share	120.87	138.40	118.00
Liquidity Ratio	6.15	5.83	5.03

Notes:

- Account heads have been re-grouped/re-classified wherever necessary so as to comply with the Nepal Financial Reporting Standards (NFRS)
- EPS has been annualized wherever necessary
- Corresponding Previous Year's Basic & Diluted EPS has been restated to reflect the effect of issuance of Bonus Shares

हिमालयन डिष्टिलरी लिमिटेड, विराटनगर महानगरपालिका वडा नं. – २१, लिपनि विर्ता, पर्सा, नेपाल